(५) समितिले आवश्यक ठानेमा उपनियम (१) बमोजिमको स्वास्थ्य संस्था निरीक्षणका लागि विषेशज्ञ उपसमिति समेत गठन गर्न सक्नेछ ।

५. **समितिको अभिलेख खडा गर्नु पर्ने :** (१) समितिले आफूले नियमित रुपमा सञ्चालन गरेका काम कारबाहीको अभिलेख दुरुस्त तयार गरी राख्नु पर्नेछ ।

(२) समितिले आफूलाई प्राप्त भएका प्रतिवेदन लगायत उपयूक्त लागेका कागजातहरुलाई सबैको जानकारीको लागि समितिको वेभसाइटमा राख्न लगाउनेछ ।

६. **वार्षिक प्रतिवेदन तयार गर्नु पर्ने :** (१) समितिले आफूले वर्षभरी सन्चालन गरेका क्रियाकलापका सम्बन्धामा मुख्य मुख्य अंश सहिता अन्य कुराको अतिरिक्त देहायका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ :-

(क) समितिले वर्ष भरी संचालन गरेका कामका मुख्य मुख्य अंशहरु,

(ख) समितिले अनुमतिपत्र प्राप्त स्वायत्त संस्था तथा इजाजतपत्र प्राप्त चिकित्सकको अनुगमन तथा निरीक्षण गर्दा देखा परेका कमी कमजोरी तथा त्यस्ता कमी कमजोरी सुधार गर्न दिएको निर्देशनका मुख्य मुख्य अंशहरु,

(ग) अङ्ग प्रत्यारोपणका सिलसिलामा प्राप्त भएको सफलताको तथा असफलताको प्रतिशत,

(घ) अङ्ग प्रत्यारोपण सम्बन्धमा देखा परेका चिकित्साशास्त्रीय पद्धतिजन्य जटिलताहरु,

(ङ) अङ्ग प्रत्यारोपणका सम्बन्धमा देखा परेका समस्या, जन गुनासा तथा त्यस्ता समय र जन गुनासा समाधानका लागि गरिएका प्रयासहरु,

(च) अङ्ग प्रत्यारोपण प्राप्त गर्ने व्यक्ति तथा अङ्गदाताको अङ्ग प्रत्यारोपण पछिका स्वास्थ्य सम्बन्धी जटिलताहरु,

(छ) समितिले आवश्यक ठानेका अन्य विषयहरु ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन समितिले मन्त्रालयको स्वीकृति लिई आवश्यकता अनुसार सार्वजनिक रुपमा प्रकाशन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशन गर्दा मानव स्वास्थ्यको गोपनियता सम्बन्धी संवेदनशिलतालाई ध्यान दिई प्रकाशन गर्नु पर्ने ।

७. **नजिकको नातेदार सम्बन्धी सिफारिस:** अङ्ग प्रत्यारोपण गर्ने प्रयोजनको लागि नजिकको नातेदारका सम्बन्धमा ऐनको दफा १५ बमोजिम नाता प्रमाणित गर्नको लागि सिफारिस गर्न अङ्ग प्रत्यारोपण गर्ने सम्बन्धित स्वास्थ्य संस्थाले नजिकको नातेदार कायम गर्ने सम्बन्धमा सिफारिस गर्न आन्तरिक रुपमा सिफारिस समिति गठन गर्नु पर्नेछ ।